स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



एभरेष्ट सूर्य बोहराको निर्देशनमा बन्न लागेको फिल्म "चमेलीको पोई"मा कलाकारको "लाइनअप" बलियो बनेको छ । गत वर्ष नारायण त्रिपाठी (प्रेम चरो)लाई मुख्य भूमिकामा अनुबन्धित गरिएको फिल्ममा अब सुरक्षा पन्त, मुकुन भुसाल, विल्सन विक्रम राई (तक्मे बुढा), रविन्द्र झा, उमेश राई (फुलन्देकी आमा), रजनी गुरुङ, खड्गबहादुर पुन, बबिन राई लगायतको प्रवेश भएको छ । कलाकार त्रिपाठीले यही फिल्मबाट दुई दशकपछि अभिनयमा पुनरागमन गर्न लागेका हुन् ।

**आजको विचार...**



गणतान्त्रिक.... *(दुई पेजमा)*

मेघनाथ दाहाल

केही दिनअघि निर्देशक दीपेन्द्र के. खनालले फेसबुकमार्फत् फिल्म "के घर के डेरा : घर नम्बर २" आगामी जेठ ९ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने जानकारी गराएका थिए । तर, अब यो फिल्म एक हप्ता अगाडि सरेको छ ।



## सहकारीका विश्वव्यापी सिद्धान्त

- स्वेच्छिक तथा खुला सदस्यता,
- सदस्यहरूद्वारा लोकतान्त्रिक नियन्त्रण,
- सदस्यहरूको आर्थिक सहभागिता,
- स्वायत्तता र स्वतन्त्रता,
- सहकारी शिक्षा, तालिम र सूचना,
- सहकारी-सहकारीबिच पारस्परिक सहयोग,
- समुदायप्रतिको चासो ।

**सहकारी सिद्धान्तको पालना गरौं ।**

**लुम्बिनी प्रदेश सरकार**
**आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

❐ वर्ष ३० ❐ अंक २४८ ❐ २०८१ चैत २१ गते बिहीबार 3 April 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# 'सहकारी, निजी र सरकार मिलेर गए मात्र देशको समृद्धि हासिल गर्न सकिन्छ'

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत २०**/सहकारी अभियन्ता तथा संविधानसभा सदस्य एवं राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष केशव बडालले सहकारी, निजी क्षेत्र र सरकार मिलेर गए मात्र देशको समृद्धि हुने बताएका छन् । बुधबार ६८ औं सहकारी दिवसको अवसरमा तानसेनमा आयोजित सहकारी सभा कार्यक्रममा सहकारीको वर्तमान अवस्था, सहकारीले खेप्नु परेका समस्या र समाधानका उपायका विषयमा जानकारी गराउँदै उनले यी तीन क्षेत्र एक आपसमा सहकार्य र समन्वय गरेर गए मात्र मुलुकमा समृद्धि हासिल गर्न सकिने बताएका हुन् ।

उनले अहिले केही सहकारीमा समस्या देखिएको सहकारीका कारण नभई सहकारी दर्ता गर्न स्विकृत दिने निकायको स्वार्थका कारण समस्या आएको उल्लेख गरे । सहकारी अभियन्ता बडालले भने' सहकारी सञ्चालनका लागि स्विकृत दिदा आवश्यकता र सिमितता नहेरी, पहुँच र राजनीतिक आस्थाका कारण दिने गर्दा अहिले ति सहकारीमा समस्या आएको हो ।' सरकारले सहकारी सञ्चालनका लागि स्विकृत दिदाँ ध्यान पुऱ्याउनुपर्नेमा उनले जोड दिए । तीनै तहका सरकारले सहकारीको नियमन र अनुगमन गरी तिनीहरुको विकास र विस्तारमा ध्यान



दिनुपर्ने बडालले बताए । मुलुकको आर्थिक विकासमा सहकारीको भूमिका महत्वपूर्ण रहेकाले स्थानीय, प्रदेश र संघीय सरकारले यस क्षेत्रको विकासमा ध्यान दिँदै निजी क्षेत्रलाई पनि सँगसँगै लैजानुपर्नेमा जोड दिए ।

बडालले अहिले जसरी सहकारीमा समस्या देखियो भनेर समाचार आइरहेका छन् त्यस्तो नहरेको बताए । उनले भने 'सहकारीको सिद्धान्त, मर्म, ऐन, कानुन नमान्ने सहकारीहरुमा केही समस्या आएको हो तर सबै सहकारीहरुमा त्यस्तो समस्या छैन् । 'वित्तीय कारोबार गर्ने केही सहकारीमा भएका बदमासी देखाएर सहकारी आन्दोलनमाथिको टिप्पणी जायज हुँदैन । वित्तीय कारोबार गर्ने सहकारीले लगानी मार्फत नै लाभ सिर्जना गर्ने र सदस्यहरूमाझ बाँड्ने हो । सहकारी शतप्रतिशत शुद्ध छन् भन्ने होइन ।

केही अज्ञानतावश र केही नियतवश छिटपुट समस्या देखिन्छ । ३० हजार सहकारीमध्ये एक सय ५० हाराहारीमा मात्रै समस्या देखिएको हो,तर चिन्ता गरिहाल्नु पर्ने अवस्था भने हैन ।' उनले पाल्पाका सहकारीहरुमा कुनै पनि समस्या रहेको समेत बताए । सहकारीको मूल्यमान्यताभन्दा भिन्न ढङ्गले चलेका संस्था समस्यामा पर्ने उनको भनाई छ । सहकारीमा देखिएको समस्या न्यून गर्न सातै प्रदेशमा सहकारी प्रशिक्षण तालिम केन्द्र सरकारले स्थापना गर्नुपर्नेमा बडालले जोड दिए । पूर्व मन्त्री समेत रहेका उनले निजी क्षेत्र र सहकारीलाई एकै किसिमले हेर्न नहुने बताए । उनले भने'अर्थमन्त्री भइसकेका मानिसले पनि सहकारी निजी क्षेत्रभित्रकै पाटो भन्दै आएको सुन्छु, जुन पूर्णतया गलत हो । सहकारी छुट्टै दर्शन र सिद्धान्तबाट निर्देशित हुने सामाजिक व्यवसाय हो । निजी क्षेत्र र सहकारी फरक हुन् । निजी क्षेत्रमा लाभको वितरण सानो समूहमा मात्र हुन्छ, जबकि सहकारीमा ठूलो समूहमा हुन्छ । सहकारी संस्थामा सामाजिक न्याय र उत्पादन वृद्धिलाई एकैसाथ अघि बढाउनुपर्छ । त्यसैले यो न रेडक्रस जस्तो परोपकारी संस्था हो, न कम्पनी जस्तो नाफामूलक ।'

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघ नेपालकी पूर्व महाप्रबन्धक तथा सहकारी अभियन्ता चित्राकुमारी थाम्सुहाङ्ग सुब्बाले सहकारी अभियानको अवसर, चुनौती र कमजोरीलाई विश्लेषण गर्दै सहकारीले समाजलाई एकिकृत गर्ने काम गरेको बताइन् । उनले सहकारीले दुःखमा मलाम लगाउने काम मात्र नगरेको भन्दै समाजलाई एकिकृत गर्ने काम गरेको उल्लेख गरिन् । महिला सशक्तिकरणमा सहकारीको भूमिका महत्वपूर्ण रहेको पनि उनले बताइन् । सुब्बाले सहकारी अभियानलाई सफल बनाउन सरकारले सदस्यता शुद्धिकरण र नियमन, अनुगमनलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिइन् । उनले पाल्पामा थुप्रै सम्भावनाहरु भएकाले पर्यटन, ढाका, करुवालाई उत्पादनसँग जोड्न जिल्लाका सहकारीहरुलाई आग्रह गरिन् । तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले जिल्लामा सञ्चालित सहकारीहरुले आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेलेको बताए ।

*-बाँकी अन्तिम पेजखमा*

## संक्षिप्त समाचार

### पटाका गोदाम विस्फोटमा २१ जनाको मृत्यु



**(रासस/सिन्ह्वा/एएनआई)**

**नयाँदिल्ली, चैत २०**/भारतको गुजरात राज्यमा मंगलबार एक पटाका गोदाममा भएको ठूलो विस्फोटपछि आगलागी हुँदा मृत्यु हुनेको सङ्ख्या २१ पुगेको छ भने ५ जना घाइते भएका छन् ।

बनासकाँठा जिल्लाको डीसा नगरमा भएको यस घटनामा गोदामको केही भाग भत्किएको र कैयौं मानिसहरू फसेको बताइएको छ । मृतकमध्ये अधिकांश मजदुर थिए, जो त्यहाँ काम गरिरहेका थिए । प्रहरीका अनुसार, सुरुमा ६ जनाको मृत्यु भएको खबर आएको थियो, तर आगो नियन्त्रणमा आएपछि खोजी गर्दा मृतक सङ्ख्या बढेको हो । घटनाका बेला कति मजदुरहरू उपस्थित थिए भन्ने अझै यकिन हुन सकेको छैन । हाल उद्दार कार्य जारी छ। प्रहरी, नगरपालिकाका कर्मचारी र जिल्ला प्रशासनसहित करिब २०० जना उद्दारकर्मी खटिएका छन् ।

## आन्दोलनमा ज्यान गुमाएकाको परिवारलाई सरकारले १०/१० लाख दिने



**पाल्पा,** चैत २०/राजावादीको आन्दोलनमा परी ज्यान गुमाएकाको परीवारलाई सरकारले १० /१० लाख दिने भएको छ । सरकारले चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको राजावादी प्रदर्शनका क्रममा ज्याउन गुमाएका पत्रकार सुरेश रजक र कीर्तिपुरका युवक सविन महर्जनको परिवारलाई उक्त सहयोग रकम दिने निर्णय गरेको हो ।

गृहमन्त्रीस्तरीय निर्णयले दुवै परिवारलाई उक्त सहयोग उपलब्ध गराउने निर्णय गरेको गृहमन्त्रीको सचिवालयले जनाएको छ । गत चैत १५ गते तीनकुनेमा भएको राजावादीको प्रदर्शनमा गोली लागेर कीर्तिपुरका २९ वर्षीय सविन महर्जन र एभिन्युज टेलिभिजनका पत्रकार सुरेश रजकको आगोमा जलेर मृत्यु भएको थियो । सरकारले यसअघि नै प्रदर्शनका क्रममा घाइते भएकाहरूको निशुल्क उपचार गर्ने निर्णय गरेको थियो ।

## हिउँदे अधिवेशन समीक्षा : कानून निर्माण सुस्त, जवाफदेहिता कमजोर

**काठमाडौं, चैत २०**/संघीय संसद्का दुवै सदनको हिउँदे अधिवेशन मङ्गलबार रातिदेखि अन्त्य भएका छन् । प्रतिनिधिसभाको पाँचौं अधिवेशन र राष्ट्रिय सभाको सत्रौं अधिवेशनमा विभिन्न विधेयक, अध्यादेश, सार्वजनिक महत्वका विषयहरू, वार्षिक प्रतिवेदनलगायत प्रस्तुत गरिए ।

यद्यपि, मुख्यत: कानून निर्माणमा केन्द्रित हुनुपर्ने अधिवेशनको प्रभावकारिता, पारित विधेयकहरूको गुणस्तर, कार्यान्वयन पक्ष तथा संसदीय छलफलको प्रभावकारितामाथि भने संसद्मै प्रश्न उठे । समय उपयोगका हिसाबले हेर्दा ६१ दिन चलेको हिउँदे अधिवेशनमा प्रतिनिधिसभा २५ दिन र राष्ट्रियसभा जम्मा २० दिन मात्र सञ्चालन रह्यो । प्रतिनिधिसभाको २५ दिन बसेको बैठकमा ११८ घण्टा २१ मिनेट र राष्ट्रियसभाको २० दिन बसेको बैठकमा ४२ घण्टा २७



मिनेट समय खर्च भएको देखिन्छ । यसरी संसदीय कामकारवाहीमा निकै कम समय बित्नुले आफैमा संसदीय कामकाजको उत्पादकत्वप्रति प्रश्न उब्जाएको छ । "जति मात्रामा विधेयक बन्नुपर्ने थियो र बनाउन सकिन्थ्यो, त्यसमा सोचेजति प्रगति भएन । विधेयक अविधेशनमा सम्पादन भएका कामलाई सन्तोषजनक मान्न मिल्दैन", सत्तारूढ दल नेपाली कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरेले भने ।

कानून निर्माणको गतिलाई बढाउनुपर्ने र त्यसका लागि विद्यमान कानुन संशोधन गरेरै निश्चित समय सीमा तोक्नुपर्ने उनको बुझाइ छ । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का प्रमुख सचेतक हितराज पाण्डे हिउँदे अधिवेशनमा अध्यादेश र प्रतिस्थापन विधेयक पारित गर्न बढी केन्द्रित भएको बताउन्छन् । "पाँचौं अधिवेशनमा हामीले अपेक्षाकृत रूपमा कानुन बनाउन सकेनौं । खासगरी बहुप्रतिक्षित सैंय निजामती सेवा विधेयक र विद्यालय शिक्षासम्बन्धी विधेयक यस अविधेशनबाट पारित गर्न सम्भव भएन", उनले भने, "विधेयक अधिवशेन भएर पनि यसले सफलता प्राप्त गर्न सकेन । सरकारले विधेयक र विधायनलाई प्राथमिकतामा राखेन ।" अर्कोतर्फ, तोकिएको समयमा भन्दा ढिलो गरी मात्र बैठक बस्ने प्रवृत्ति र प्रतिपक्षको अवरोधका कारण संसद्का काम प्रभावित भए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

## सम्पादकीय

# यौनिक अल्पसंख्यकप्रति गम्भीर बनौं

**सामान्यतया कोही व्यक्ति शारीरिक रूपमा पुरुष भएर जन्मिए पनि भावनात्मक र अन्य हिसाबले आफूलाई महिलाका रूपमा मान्छ या कोही शारीरिक रूपमा महिलाका रूपमा जन्मिएर पनि भावनात्मक र अन्य हिसाबमा आफूलाई पुरुष ठान्छ भने उनीहरु लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय भित्र पर्दछन् । शरीर एक र आत्मा अर्को भएर जन्मनुमा न त उनीहरुको दोष हुन्छ न त उनीहरुको अविभावकको । फरक खालको यौन अभिमुखीकरण र लैङ्गिक पहिचान भएका कारण यौनिक तथा अल्पसंख्यक समुदायका व्यक्तिहरुमाथि विभिन्न लाञ्छना र अमानवीय व्यवहार हुने गरेको छ । हाम्रो समाजले अहिले पनि यो समुदायलाई स्वीकार गर्न सकेको छैन् । यो अत्यन्तै दुखको कुरा हो ।**

**यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू समाजमा पहिचानसहित खुल्न थाले पनि राज्यको नीति, कार्यक्रम तथा योजनामा नपर्दा अधिकार प्राप्तीको सङ्घर्ष भने अझै सकिएको छैन् । उनीहरुले संविधानमा व्यवस्था भएअनुसार पहिचान सहितको अधिकार प्राप्त गर्न नसकेको गुनासो गर्ने गरेका छन् । पहिचान सहितको अधिकार संविधानमा व्यवस्था भए पनि अझै सङ्घर्ष गर्नु परेको उनीहरु बताउँछन् । नागरिकता पाउन र स्वास्थ्य सेवा लिन यो समुदायका लागि अझै सहज भएको छैन । स्वास्थ्य उपचार अत्यन्तै महँगो हुनुका साथै उपयुक्त स्वास्थ्य संस्था स्वदेशमा नहुँदा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका कतिपय व्यक्तिले विदेशमा गएर उपचार गराउन बाध्य हुनुपरेको छ । सरकारले जसरी महिला र पुरुषका लागि स्वास्थ्य परीक्षणको विभाग, चिकित्सक, अस्पताल छुट्याएको छ त्यसरी नै यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको स्वास्थ्य परीक्षण र उपचारका लागि छुट्टै युनिट बनाउनुका साथै सम्मानपूर्वक स्वास्थ्य सेवा प्रवाह गर्नुपर्छ ।**

**सरकारको जनगणनामा ३ हजारको हाराहारीमा नेपाली नागरिक यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका रहेको उल्लेख छ । उनीहरुको उपचारका लागि सरकारले कुनै छुट्टै स्वास्थ्य संस्था या चिकित्सक नतोक्दा उपचारबाट वञ्चित हुनुपरेको अवस्था छ । यति मात्र नभई समाजले अनेक उपनाम राख्ने अनि कानुनीरुपमा समेत अपमान भएको महसुस हुँदा उनीहरुमा मानसिक समस्या बढ्दो छ । त्यसैले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका नागरिकले पनि स्वस्थ भएर सम्मानपूर्वक बाँच्न पाउने अधिकारको रक्षा हुनुपर्छ । उनीहरुलाई अरु सरह बाँच्न पाउने अवस्था सिर्जना गर्ने कुरामा सबै गम्भीर बनौं ।**

### Opinion @ Social Network

दु:ख बिना सुखको मूल्य थाहा हुँदैन,
असफलता बिना सफलता मीठो हुँदैन।
*(सुरेश अर्यालको फेसबुक स्टाटस https://www.facebook.com/aryal.suresh)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# गणतान्त्रिक राजनीतिले किन लय समातेन ?



मेघनाथ दाहाल

*यसको अन्य कारण नभएर राजाको स-सम्मान बिदाइ र मुलुकमा समान्य जनताको छोरो राष्ट्र प्रमुख हुने व्यवस्थाको सुरुवात भएकाले हो । २०५२ सालबाट विधिवत् सुरु भएको माओवादीको कथित राजनीतिक आन्दोलन (केही राजनीतिका विज्ञले भने यसलाई सशस्त्र आन्दोलनको शृंखला भन्न रुचाउने गरेका छन्) बाट हाम्रो प्रजातान्त्रिक प्रक्रिया र तरिकामा आँच आउन थालेको थियो । अन्य विषय नभएर तत्कालीन समयमा नेपालले आफ्नो सबै सामर्थ्य सुरक्षामा खर्चिनुपर्ने र माओवादी पनि कति वर्षसम्म अरूको भरमा आन्दोलन थेग्न सकिएला भन्ने डरले अफठ्यारोमा परिसकेका थिए ।*
*राजाको प्रत्यक्ष शासन, प्रजातान्त्रिक शासन, त्यसपछि राजासहितको प्रजातन्त्र र अन्त्यमा राजाविहीन प्रजातन्त्र जसमा संघीयता एवं समावेशीसहितको गणतान्त्रिक प्रजातान्त्रिक शासन प्रणाली विद्यमान छ तर आमसर्वसाधारणमा थोरै पनि सन्तोषको अवधारणा देखिँदैन ।*

विसं २०६३ सालपछि हालसम्मको नेपालको राजनीतिक समयलाई गणतान्त्रिक समय भनेर लिने गरिएको छ । विसं १८२५ पछि सुरु भएको शाहकाललाई विभिन्न कालखण्डमा भएका विविध राजनीतिक उतारचढावले विभिन्न समयमा फरकफरक नामकरण हुँदै २०६३ पछि गणतन्त्र नामले चिन्ने गरिन्छ । आधुनिक नेपालको राजनीतिक कालखण्डमा गणतान्त्रिक स्वरूपमा ल्याउनको निमित्त ठूलो प्रयत्नपछि मात्र सफल भएको हो । तत्कालीन संसदवादी दलहरू र माओवादीबीच भारतको नयाँदिल्लीमा सम्पन्न १२ बुँदे सम्झौताले यसको खाका कोरिएको थियो । कार्यान्वयन भयो । हालसम्म नेपालको राजनीति यही क्रममा जारी छ ।

यसको अन्य कारण नभएर राजाको स-सम्मान बिदाइ र मुलुकमा समान्य जनताको छोरो राष्ट्र प्रमुख हुने व्यवस्थाको सुरुवात भएकाले हो । २०५२ सालबाट विधिवत् सुरु भएको माओवादीको कथित राजनीतिक आन्दोलन (केही राजनीतिका विज्ञले भने यसलाई सशस्त्र आन्दोलनको शृंखला भन्न रुचाउने गरेका छन्) बाट हाम्रो प्रजातान्त्रिक प्रक्रिया र तरिकामा आँच आउन थालेको थियो । अन्य विषय नभएर तत्कालीन समयमा नेपालले आफ्नो सबै सामर्थ्य सुरक्षामा खर्चिनुपर्ने र माओवादी पनि कति वर्षसम्म अरूको भरमा आन्दोलन थेग्न सकिएला भन्ने डरले अफठ्यारोमा परिसकेका थिए । राजाको प्रत्यक्ष शासन, प्रजातान्त्रिक शासन, त्यसपछि राजासहितको प्रजातन्त्र र अन्त्यमा राजाविहीन प्रजातन्त्र जसमा संघीयता एवं समावेशीसहितको गणतान्त्रिक प्रजातान्त्रिक शासन प्रणाली विद्यमान छ तर आमसर्वसाधारणमा थोरै पनि सन्तोषको अवधारणा देखिँदैन । १७/१८ वर्षको समयमै गणतन्त्रदेखि वाक्क भएको जस्तो धारणा सडकमा राखिरहेका छन् । यी सबै काम नियोजित हुन् वा स्वतस्फूर्त हुन समयले बताउला तर यो अवस्था आउनु आफैंमा राम्रो कदापि होइन । बाहिर आएको तथ्य १७ हजारको देखिए तापनि यसका लागि हजारौं नेपालीले पसिना बगाएका छन् । लाखौंको घरबार छिन्नभिन्न भएको छ ।

एउटा सिंगो पुस्ताले नपुगेर सात सालदेखि बहत्तर सालसम्म यो आन्दोलन प्रत्यक्ष वा परोक्ष रूपमा चलेकाले मात्र गणतन्त्रको जग हाल्न सकिएको हो तर यसको संस्थागत विकास हुन नपाउँदै किन र कसरी सडकमा यसरी सर्वसाधारण आउन विवश भए भन्ने कुरामा सबै सचेत भने हुनैपर्ने हुन्छ । साथै जति सहजै गणतन्त्र भित्रियो त्यति सहजै जाँदैन भन्ने कुरामा राजनीतिको र मात्र बुझेका विश्वस्त छन् तैपनि अवस्था दिनानुदिन कमजोर हुँदै गएको छ । आजभोलिको जात्रा राजनीतिक हो वा अन्य कुनै कुराबाट प्रेरित भएर हुन गइरहेको छ । यसभित्रको खास कारण के हो भन्ने बारेमा केही खोतल्ने कोसिस यहाँ गरिएको छ । गणतान्त्रिक समयको सुरुवातसँगै आमसर्वसाधारणमा धेरै आशा पलाएको थियो । आधारभूत आवश्यकताका वस्तु तथा सेवाहरूका लागि मुलुकका जनताले आउँदा दिनमा दु:ख पाउनु पर्दैन । रोजगार, शिक्षा, स्वास्थ्य, सडक तथ खानेपानी जस्ता पूर्वाधारको विकास, विस्तारको हकमा सरकारले राम्रो काम गर्नेछ । समाजिक अवस्थामा सुधार देखिनेछ । सार्वजनिक संस्था संस्थागत भएर जानेछन् । मुलुकमा विद्यमान शिक्षा समयसापेक्ष सुधार हुनेछ । संवैधानिक राजतन्त्रात्मक प्रजातन्त्र भएको समयमा आशातीत काम हुन नसकेकाले राजनीतिको साथमा आर्थिक गतिविधिमा समयानुकूल परिवर्तन हुनसकेको छैन ।

राजासहितको प्रजातान्त्रिक समयमा राजाले घरिघरि अधिकार एवं कार्यकारिणीको जस्तो झझल्को दिएको र मुलुकमा विद्यमान राजनीतिलाई किनारा लगाउनुपर्ने बाध्यताले २०६३ सालमा माओवादी र गैरमाओवादीबीचमा सम्झौता भएर पहिलो संविधानसभाको निर्णय बमोजिम गणतन्त्रको स्थापना तथा तत्कालीन राजाको ससम्मान बिदाइ भएको हो । मुलुकभित्र आर्थिक पक्षमा मूलधारका राजनीतिक दलहरूले सम्बोधन गर्न नसकदाको परिणाम नेपाली समाजले भोगिरहेको छ । आर्थिक तथा व्यावसायिक पक्षलाई साथ नलिई गरिएका प्रयास निरर्थक हुनजाने कुराको ज्वलन्त प्रमाण पछिल्ला गतिविधिले स्पष्ट पारेको छ । राजनीतिक परिवर्तनको साथामा सर्वसाधारण, जीवनपद्धति, आर्थिक स्रोत तथा जनअपेक्षा अनुरूपका काम हुनसकेका छन् कि छैनन् भन्ने कुराको हेक्का राजनीतिको मियो समात्नेले बुझ्नुपर्ने हो । अन्यथा यो वा त्यो निहुँमा मुलुकमा राजनीतिको नाममा तर मूलजड भने आर्थिक पक्ष हुने र समाज सदासर्वदा अस्थिर बन्ने प्रत्यक्ष प्रमाण सात दशकको सातवटा संविधान, बढ्दो राजनीतिक अस्थिरताले आफ्नो लिक छोडेको छ ।

गणतान्त्रिक शासन पद्धतिको सुरुवातसँगै जनतामाझ एउटा भरोसा थियो । कम्तीमा उदार, संस्कारयुक्त, भ्रष्टाचारमुक्त समाज निर्माणमा फट्को मार्नेछ भन्ने आशले उल्टो गति समात्यो । उदारताको नाममा अनुशासनहीन गतिछाडापनले प्रश्रय पायो । अनुशासन भन्ने विषय समाजको कुनै तह र तप्कामा बाँकी रहेन । विधिको शासन भाषण गर्ने विषयमात्र भयो । कानुन लाग्ने विषय झिनामसिना भूइँमान्छेहरूको कथा भयो । कानुनी राज्य कल्पना जस्तो हुनगयो । निर्वाचन प्रणाली यति महँगो भयो कि हिजोका गिनेचुनेका सामन्त तथा राज्यको पहुँचमा पुगेका नवधनाढ्यको पेवाको वस्तु जस्तो हुन पुग्यो ।

राजनीति निष्ठा नभएर पेशा बन्न गयो । जीवनभर एउटा विचार, दर्शन र सिद्धान्तमा अडिग कार्यकर्ता कुनामा पुगे भने नयाँ चैते स्वभावको एवं छेपारको रङजस्तो चरित्र भएको कार्यकर्ता आज सबै दलहरूको प्रियपात्र बन्न पुगे । यो राजनीतिक चरित्र तलबाट माथि नेतृत्वमा आएको नभएर माथिबाट तल्लो कार्यकर्ताको स्तरमा स्थानान्तरण भएको हो । यस किसिमको चरित्रले समाजलाई सही निर्देश गर्ने आँट गर्न सकेन । समाज यो वा त्यो निहुँमा विभक्त अकर्मण्य एवं असन्तुलित रूपमा अघि बढ्यो । शासन पद्धतिमा नभएर शासकप्रति जनता नजानिँदो हिसाबले रुष्ट हुन पुगे । विकल्पको खोजीमा भौंतारिरहेका छन् । मुलुकमा विद्यमान दलहरूको नेतृत्वको दूरगामी सोचको अभावले स्रोतसाधनको सही प्रयोगमा भएन । आन्तरिक रूपमा रोजगारीको सिर्जना, आयस्तरको विस्तारको अभावमा नेपाली समाजको पछौटेपनमा कमी आउन सकेन । रोजगार तथा उच्च आयको खोजीमा देशको विकासको मूलशक्ति मानिएको युवा जनशक्तिले पलायनको बाटो समात्यो । यो गति यति धेरै बढ्यो कि हाल कुनै घरको कुनै न कुनै युवा विदेशमा पुगेको छ । सरकारले सुस्ताएको अर्थतन्त्रको नारी सबल बनाउनका निमित्त वित्तीय तथा मौद्रिक नीतिको परिमार्जन सुधार तथा कार्यान्वयनमा जोड दियो तर मागमा आएको कमीले उल्लेख्य काम हुनसकेको छैन । समग्र आर्थिक क्षेत्र तथा व्यावसायिक रूपमा हाल खराब कर्जा औसतमा पाँच प्रतिशत माथि लागेको अवस्था कायम छ । यो अवस्था १०/१२ प्रतिशत भन्दा माथि गएमा अझ अवस्था नाजुक बन्नेछ । वित्तीय क्षेत्रले प्रवाह गरेको कर्जा ५२/५३ खर्बको दुई अंकको खराब कर्जाको रकम ठूलो हुनजान्छ । गणतान्त्रिक शासन पद्धतिको दुई दशक पुग्न नपाउँदै जसरी सडक तथा सदन दुवैमा नराम्रो अवस्था देखिनुमा अन्य पक्ष नभएर आर्थिक क्षेत्र तथा आमनेपालीको जीवनयापनको क्रममा आर्थिक पक्षमा हुन नसकेको आशातीत रूपान्तरणलाई लिन सकिन्छ । एक्काईसौं शताब्दीको राजनीतिले मुख्य रूपमा जनताको गुणस्तरीय जीवनयापनमा विश्वास दिलाउन सक्नुपर्ने हुन्छ । अन्यथा समयले सबैको विकल्प खोज्नेछ । यो प्राकृतिक नियम हो ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : कार्यक्षेत्रमा अवसर प्राप्त होला। अधिकारी वर्गबाट आश्वासन पाइनेछ ।
**वृष** : निर्णय लिँदा दोधारमा नपर्नुहोस्। पुराना कुरालाई लिएर विवाद बढ्न सक्छ।
**मिथुन** : संघर्षको उचित मूल्यांकन नहुन सक्छ । कार्यमा बाधा आउन सक्छ ।
**कर्कट** : मित्रहरूको सहयोग मिल्नेछ। जोखिमपूर्ण कार्यबाट टाढा रहनुहोस् ।
**सिंह** : व्यापारमा सोचविचार गरेर कार्य गर्नुहोस्। राजकीय मामलाहरू सुल्झिनेछन्।
**कन्या** : योजनाहरू गोप्य राखेर अगाडि बढ्नुहोस्। सामाजिक जिम्मेवारी बढ्नेछ।
**तुला** : नयाँ कामको रूपरेखा बन्नेछ। नयाँ कार्य प्रारम्भ गर्न सफलता मिल्नेछ।
**वृश्चिक** : वरिपरिका मानिसहरूले उन्नतिको प्रयासमा बाधा पुऱ्याउन सक्छन्।
**धनु** : व्यवसायमा मनग्य लाभ मिल्नेछ। सोचेभन्दा राम्रो सफलता मिल्न सक्छ।
**मकर** : कार्यमा बाधा आउन सक्छ। स्वास्थ्यमा खानपानको ध्यान राख्नुहोस्।
**कुम्भ** : मन प्रसन्न रहनेछ । विद्यार्थी वर्गलाई अध्ययनमा सफलता मिल्नेछ ।
**मीन** : आर्थिक पक्ष सबल रहनेछ । राज्य पक्षबाट सहयोग मिल्नेछ ।





कथा — विमल लामिछाने

# भूमिगत बनेको कलम

त्यो बेला गाउँमा पत्रिका पढ्न पाईदैनथ्यो । कुनै कुनै एफएम लामो तार वा एन्टेना जडान गरेपछि मधुरो टिप्थ्यो । गाउँमा एउटा एउटा घरमा मात्रै टेलिभिजनमा समाचार हेर्न सकिन्थ्यो त्यो पनि ब्याट्रीको चार्ज नसकिँदासम्म ।

ब्ल्याक एण्ड ह्वाइट टेलिभिजनको पर्दामा दिनभरका घटनाक्रम, देश तथा विदेशबाट संकलित समाचार पढ्दै पाना पल्टाउँदै राख्दै गरेको हेदा अचम्म लाग्थ्यो । पर्दामा चटक्क सजिएर देखा परेका एङ्कर, स्क्रिनमा एकपछि अर्को गर्दै फुत्त फुत्त आइरहने स्क्रोलहरु, एङ्करले जुन पातो उचालेर पढ्यो त्यही अनुसार मिलेको भिडियो क्लिप । विच विचमा विज्ञापन अनि फेरि समाचारका क्लिप, पत्रकारले कसरी मिलाउँदा हुन् यी हरफ र टोन स्लेबलहरु ? कसरी मिलेको होला पढाइको सैलीमा भिडियोका क्लिप र फोटाहरु ? विनयको किसोर अवस्थाको मानसपटलमा यी र यस्तै प्रश्नहरु मडारिरहन्थे ।

देशभर छरिएका समाचार संकलन गरेर रेडियो र टेलिभिजनमा फरर पढेको न्यूज टोन र दृष्यात्मक ट्यूनको आकर्षणले विनयलाई सानैबाट पत्रकार बन्ने भोक जागेको थियो । पत्रकारिताको हुटहुटी मेट्न भित्ते पत्रिका निकालेर विद्यालय परिषरमा बकाइनो र पयूँका रुखमा बोर्ड टाँसेर साहित्यिक भित्ते पत्रिका प्रकाशन गर्दा ठूलै काम गरेको अनुभूति हुन्थ्यो । विभिन्न कोलममा कतै कविता, कतै छोटा कथाहरु, कतै गाउँघरमा अलि ठूलो मुल्यमा भैसी, गोरु र खसी विकेका समाचार, वीउ आलु र दुधालु गाईका टुक्रे कथा, कोदो र अलैंचीले भाउ पाएका समाचार पनि मिलाएर भित्तेपत्रिकामा सिमीका पात निचोरेर तयार पारेको हरियो मसीमा कुचोका डाँठ, बाँसका टुप्पी र परेवाका प्वाँखले लेखेर पनि समाचार तयार गरेको अनुभूति विनयसँग ताजा छ ।



एक्काइसौ सताब्दी निकट पत्रकारिताको समयमा बलपेन नभएको भने होइन तर वाँस र कुचोका डाँठ कपेर बनाइएका पोतो र कुचीहरुले नै भित्तेपत्रिकामा अक्षरको आकर्षण थप्दथ्यो । मसीमा चोबेर बाँसका टुक्राले लेखेका अक्षरहरु आकर्षक र चटक्क मिलेका हुन्थे । ड्रोइङ पेपरमा समाचार र कविताका हेडिङ राम्रा अक्षरमा घुमाएर लेख्ने कलाको अभ्यासले विनयलाई परापूर्वकालमा चराको प्वाँख र हरियो सिमीका पात निचोरेर बनाइएको मसीलाई लेख्रुने साधन बनाइएको थियो भन्ने भनाई पनि अभ्यासको नौलो श्रृखला हुनसकेन । यस्तै प्राकृतिक कुचीहरुको सहयतामा गाउँका विद्यालयका वालहरुमा महानवाणी र कोटेसनहरु पनि लेखिएका हुन्थे । चराका प्याँखले घुमाएर लेखेका अक्षरहरु अझ आकर्षक र इटालिक स्टायलका हुन्थे, हेर्दै कति मज्जा र आनन्द आउँने । विभिन्रुन रंगका वनस्पतिका फूल या पातहरूलाई पिसेर आएको रंगलाई मसिदानीमा जम्मा गर्दै बाँसको तिखो टुप्पोलाई मसीमा चोप्दै लेख्दै गर्दा बनेका अक्षरका आकृति र चित्रहरुको आकर्षक र अग्रजहरुले गरेको बर्णनले पनि विनयलाई प्रकाशनतर्फ उत्साहित गरेकै थियो ।

विनयको भित्ते पत्रकारिताले लय लिँदै गएको थियो । छायाँमा पारिएका बस्तीहरुमा जागरण ल्याउँदै थियो, खेताला गोठालाहरु खेतीबाट फर्किँदा भारी विसाएर पसीना ओभाउँन्जेल विश्राम गरेर खेतीका कथा पड्थे । भरीयाहरु भारी विसाएर भरीयाकै कथा पड्थे, विद्यार्थीहरु स्कूल सकेर कविता र गाउँका समाचार पढ्थे । गाउँभरीका समाचारको संगालो थियो त्यो । त्यो असत्यहरुको उजागर थियो, सूचनाविहिनहरुको सारथी थियो, आवाजविहिनहरुको आवाज थियो, विचारविहिनहरुको दस्तावेज थियो, दविएकाहरुको भावना पोख्ने स्पेस थियो । समयको गतिसँगै प्रविधिको तिव्रतम विकास रोकिने कुरै परिकल्पना बाहिरको कुरा हो । कम्प्युटरको जमानामा पनि कम्प्युटरको सजिला र अप्ठयारा कथा छुट्टै होलान् तर कलम र पत्रकारिताको परिचय कहिल्यै मेटिँदैन, कलम र पत्रकारितालाई विभाजित गरेर छुट्टै कित्तामा राखेर अध्यायको पूर्णता खोजियो भने त्यो मुर्खता हुनसक्छ । यसरी पत्रकारिताको जीवनको अध्याय पूरा हुँदैन, विनयलाई यस्तै लाग्थ्यो । कम्प्युटरलाई मात्रै प्राथमिकतामा राखेर आवरण र साजसज्जामा होइन, गुदीमा के छ त्यो महत्वको रहन्छ भन्दै गर्दा पनि बाहिरी रूपसज्जा, परिधान र नाम विशेषले पनि मर्यादाको अर्थ राख्दो रहेछ भन्ने उदाहरण पनि धेरै छन् । विनयको यो तर्क केही मानिसलाई मन पर्न छोडेको थियो ।

कुरा २०५६ तिरको हो । गाउँमा राती हिड्नेहरुको दोहोरी जस्तै भइसकेको थियो । राजनीति रंग देखिएको भन्ने आरोपमा कलममाथि पनि निगरानी बढाइएको थियो । तर विनयको कलम हत्तपत्त लर्वराएको थिएन । 'कलम स्वतन्त्र हुनुपर्छ, कलमलाई बन्दुकले छेक्न मिल्दैन' शिर्षकमा सम्पादकीय लेखेकै निहुँमा विनय एकाएक ब्लाक लिष्टमा परेको खवर आयो । ब्ल्याक लिष्टमा परेपछि विनयको कलम जोखिममा पर्दै गएको हल्लाले एकान दोकान मैदान बन्दै गयो । कसले कतिबेला मृत्युवरण गर्छ, हेक्का र हिसाव नहुने समयमा सचेतना चलाउने अभिलाशा र त्यहाँभित्रपनि विचारमुलक खुला पत्रकारितामा रम्न खोज्ने विनयको ग्रामिण पत्रकारिताको यात्रामा ब्रेक लाग्गो ।

विनयको स्वतन्त्र पत्रकारिताको कलमी यात्रा एकाएक भूमिगत हुनपुग्यो । विनयको कलम भूमिगत हुँदा धेरैलाई चित्त बुझेको भने थिएन । कयौ रातहरु छिप्पिएर दिन बन्दै गए त कयौ दिनहरु खस्किएर रात बन्दै गए । विनय भूमिगत होलटाइमर पत्रकारको लिष्टमा परिणत हुन पुग्यो । गाउँमा कलमको खोजी गर्ने समकालिनहरु थुप्रै थिए तर हँ हँ कसैले विनयको कलम भेटेको खबर ल्याउन सकेनन्, अलिपछि गाउँमा एकाएक हल्ला चलाईयो 'विनय भूमिगत भए, विनयको कलम पनि भूमिगत भयो ।' जीवनका उकाली र ओरालीसँगै पौठेजोरी खेल्दै दिनहरु वित्तै गए, कम्प्युटरको किवोर्ड र इन्टरनेटको हाइटेकको जमानामा पुगिसकेको पत्रकारिताको युगलाई सदुपयोग गर्ने उत्साह विनयकालागि निकै ठूलो चुनौती थियो । मृत्यु कि मुक्ती ? जीवन दोसाँध थियो । सहिद कि बेपत्ता प्रश्न गम्भिर थियो । गाउँले अझै खोजीरहेछ तर विनय अझै फर्किएको छैन ।

*-समकालीन साहित्य डटकम*

निबन्ध — ज्ञानेन्द्र विवश

# प्रकृतिको निर्वस्त्र सौन्दर्य

प्राकृतिक सौन्दर्य भनेको संसारको सबैभन्दा शुद्ध र असाधारण कला हो । यो सौन्दर्य कुनै मानवनिर्मित वा कृत्रिम हुँदैन । यसलाई मात्र देखेर र अनुभव गरेर महसुस गर्न सकिन्छ । प्राकृतिक लय नै यसको 'निर्वस्त्र सौन्दर्य' हो भन्ने विचार गहिरो छ ।

प्रकृतिले हामीलाई आफ्नो वास्तविक रूप देखाउँछ - लाज नगरी, कुनै झर्कोफर्को केही नगरी शीतल हावाको स्पन्दनले मायालु लयको आभास गराउँदै । यो लय सँगसँगै चल्ने जीवनको समृद्धि, विभिन्न मौसममा फुल्ने फूलहरू, हर्षित चेहरा-चित्रहरू । हिमाल, पहाड र पर्वतका कुनाकन्दराका निर्मल झरना, नदी, वनजंगलका प्राकृतिक सौन्दर्य । यिनै चुली, फेदी, पाखाकन्दराका निश्चल मुस्कानसहितका निर्वस्त्र सौन्दर्यहरू । उज्यालो किरणमा प्रस्तुत बेग्लै रङहरूका मिलनमा आगन्तुकलाई देख्नुको सम्पूर्ण सौन्दर्य देखाउँछन् । प्रकृति एउटा अनमोल कविता हो । यसको प्रत्येक पंक्ति स्वाभाविक रूपले रचना हुन्छ । त्यसका गहिरा र ठूला पर्वत, समुद्रका लहरहरू र खुला आकाशको असीमित विस्तारमा एउटा अनकन्टार लय लुकेको हुन्छ । ती सबै जीवन र प्राकृतिक घटनाहरू एकापसमा घुलमिल भई तिनले प्रत्येक पलको मिठास र आकर्षण ल्याउँछन् । जसरी संगीतका विभिन्न सुरहरू एकै लयमा घुलेर सांगीतिक लयको मिठास भर्छन्, त्यस्तै प्राकृतिक लयले सम्पूर्ण जीवन-जगत्लाई एकताको संगीतमा परिणत गरिदिन्छ । प्राकृतिक सौन्दर्यको निर्वस्त्रता भनेको यसका सबै पक्षहरूलाई अविवेकपूर्णजस्तो देखिनु हो । कुनै प्रक्षिप्त रंगीन कला या कृत्रिम सौन्दर्यको आकर्षणले यसलाई ढाक्न सक्दैन । वासन्ती चाँदनी, आकाशको रङ, हरियालीका उत्सव, झरनाका आवाज र बादलका अनौठो आकार सबैको अनौठो दृश्य-संयोजनमा प्रकृतिको पृथक् लयबद्ध रूप दृष्टिगोचर हुन्छ । यस लयको साँचो रूपले हामीलाई प्रकृतिका अनेकन् रहस्यमय स्वरूप र संरचनाहरूको दर्शन दिन्छ । प्रकृतिको सौन्दर्यले हाम्रो मनलाई सान्त्वना, शान्ति र सुखको अनुभूति दिन्छ । हाम्रो शरीर र फदयलाई एकाकार गरेर यो सौन्दर्यले हामीलाई जीवनको वास्तविक अर्थ सम्झाउँछ । यसले न शारीरिक अपितु मानसिक शान्ति र आध्यात्मिक उत्थान पनि प्रदान गर्छ । हामीलाई थाहा छैन कि त्यो साँच्चिकै किन हो । तर, यसले हामीलाई शुद्ध र सच्चा बनाउँछ । समष्टिमा प्राकृतिक लय नै यसको निर्वस्त्र सौन्दर्य हो । हामीलाई प्रकृतिका विशुद्ध रूपका साक्षात्कारमा निम्तो दिन्छ । हामी संसारका अनेकौं सौन्दर्यलाई देख्छौं । त्यस बेला हामी आफैंलाई छोडेर प्राकृतिको समर्पणमा विलीन हुन पाउँछौं । यही वास्तविक सौन्दर्य हो । यसका लय र रचनामा कुनै छद्मभेष हुँदैन । प्राकृतिकपन र शुद्धता यसमा रहेको हुन्छ । प्रकृति आफैँमा अनुपम छ । यसलाई शब्दमा बयान गर्न सायदै कुनै लेखन सक्षम हुँदैन । प्रकृतिको मूल स्वरूप नै यसका अनेक रूपहरूसँग सम्बद्ध छ । त्यहाँ सौन्दर्यको पूर्ण र विस्तारित अभिव्यक्तिको अनुभूति हुन्छ । उसका प्रत्येक रूप, आकृति र आयाम खुलेर प्रस्तुत हुन्छन् । त्यहाँ कुनै कृत्रिमता छैन, कुनै आवरण हुँदैन । यस्तै, बिहानको सुनौलो घामले दूरदराजका हिमाल र पहाडलाई अँगालो हाल्दा, झरनाबाट झरेको जलले धर्तीलाई चुम्दा र बादलको छाया धर्तीमा लहरिँदा हामी यो निर्वस्त्र सौन्दर्यलाई महसुस गर्छौं । अनुपम सौन्दर्यको बिस्कुन त्यहाँ लागेको हुन्छ । निर्वस्त्र सौन्दर्य नंगोपन होइन, यो आत्मीयता, मौलिकता र प्राकृतिक स्वरूपको साक्षात्कार हो । प्रकृतिमा कुनै नाटकीयपन हुँदैन । देखावटी, कुनै बनावटीपन केही हुँदैन । फूलहरू आफ्नै ढंगले फुल्छन्, पातहरू आफ्नै तालमा झर्छन् । नदीहरू आफ्नो प्राकृतिक गतिमा बग्छन् । यो प्राकृतिक लय नै उसको निर्वस्त्र सौन्दर्य हो । हामी प्रकृतिसँग प्रत्यक्ष रूपमा जोडिन्छौं, हाम्रो मन र मस्तिष्क पनि निर्मल हुन्छ । सहरका तामझाम, प्रदूषण र व्यस्तताका घेराबाट बाहिर निस्केर हरियालीबीच डुल्दा हामीलाई थाहा हुन्छ, जीवन कति सरल र कति सुन्दर छ । एकलास, एकान्त जंगलमा एउटा चराको गुञ्जन मनै छुने किसिमको लाग्छ । पत्थर फुटाएर उम्रिएका साना पोथ्रापोथ्रीमा फुलेको फूलको सौन्दर्य र बास्नाले आँतै हरहर हुन्छ । हावा सुसाउने धुन र चिसो स्पर्श यी सबै प्रकृतिको निर्वस्त्र सौन्दर्यका अभिन्न अंश हुन् । आज आधुनिक समाजले प्रगतिका नाममा प्रकृतिलाई लगातार चिथोर्दै छ । मानवले आफ्ना आकांक्षाहरू पूरा गर्न प्रकृतिको यो सौन्दर्यमा बाधा पुऱ्याइरहेको छ । तर, प्रकृतिले आफ्नो निर्वस्त्र सौन्दर्यलाई कहिल्यै हराउन दिँदैन । प्रकृतिको निर्वस्त्र सौन्दर्यले हामीलाई सरल जीवनको महत्त्व सिकाउँछ । यसले हामीलाई सम्झाउँछ कि सत्यता, मौलिकता र सरलता नै वास्तविक सौन्दर्यका आधारस्तम्भ हुन् । यसैले प्रकृतिको रक्षा गर्नु, उसको सौन्दर्यलाई कायम राख्नु र उसको सहअस्तित्वमा बाँच्न सिक्नु नै हाम्रो कर्तव्य हो । प्रकृतिको निर्वस्त्र सौन्दर्य एउटा वरदान नै हो । यसले हाम्रो जीवनमा सन्तुलन र समृद्धि ल्याउँछ । यसलाई नजिकबाट हेर्ने, बुझ्ने र अनुभूत गर्ने अवसर हामी सबैले लिनुपर्छ । आखिर यही सौन्दर्यमा जीवनको वास्तविक अर्थ लुकिरहेको हुन्छ । यस्तो प्रकृति, निष्ठाको प्रतीक, शीतलताको छाया । संसारका महानतम् अजस्र शक्तिहरूको साक्षी बनेर उभिएको यो अद्वितीय कृति । हामी हिमाललाई हेर्छौं, लाग्छ- यसको सौन्दर्य कुनै परिधिमा सीमित छैन । यो निर्वस्त्र छ, कुनै आवरण र कृत्रिम सजावटबिना - आफ्नो मौलिक र प्राकृतिक स्वरूपमा । बर्सातको पानीले पखाल्दैन । हिउँदको हिउँले केही गर्दैन । गर्मीको धूपले सुक्दैन । हेरेर नाथक्ने आँखाको हेराइले, क्यामेराको लेन्सले यी प्राकृतिक सौन्दर्यलाई केही प्रभाव पार्दैन । हिमालको उचाइ मात्र होइन, यसको मौनता पनि गर्विलो हुन्छ । त्यसको सुक्खा हावामा रहेको स्फटिक स्वच्छता, सेतो हिउँले ढाकिएका हिमाली लस्कर, गहिरो निलो आकाशमा बग्ने ती निर्दोष बादलहरू - यी सबै हिमाली सौन्दर्यका अनन्त आयाम हुन् । निर्वस्त्र सौन्दर्य प्रकृतिको यथार्थ हो, जुन कुनै कृत्रिमताबिना आफ्नो सम्पूर्ण अस्तित्वलाई व्यक्त गरिरहन्छ । सूर्यको किरण हिमालको चुचुरोमा पर्दा त्यहाँ समयानुसार रातो, सेतो र अरू अनेकौं रङहरूको इन्द्रेणी मिलन बन्छ । यो पल एउटा आध्यात्मिक सन्देशजस्तै लाग्छ । जस्तो कि प्रकृतिले भनेको हो, 'म कुनै बनावटमा विश्वास गर्दिनँ, तर मेरो सत्य नै मेरो सौन्दर्य हो ।' वास्तवमा हिमालमा कुनै झुट छैन, कुनै कपट हुँदैन । सत्यलाई ढाक्न पर्दैन, सत्य आफैँले आफ्नो सुन्दरता बोल्छ । तर, हिमालको सौन्दर्य यसको शारीरिक स्वरूपमा मात्र सीमित छैन । यो मानवीय मनोविज्ञानलाई पनि गहिरो रूपमा प्रभावित गर्दछ । हिमाललाई हेर्दा लाग्छ, जीवनमा अवरोधहरू जति ठूलो भए पनि तिनीहरूलाई पार गर्न सकिन्छ । ठूलाठूला पहाडजस्तै चुनौतीहरूलाई नजिकबाट हेर्दा तिनीहरू पनि पार गर्न सकिने बाटोहरूमा परिणत हुन्छन् । निर्वस्त्र सौन्दर्य भनेको बाह्रय स्वरूप होइन । यो आत्माको पनि सौन्दर्य हो । हिमालजस्तै सत्य र सरलतामा अडिग रहनु नै निर्वस्त्र सौन्दर्यको वास्तविक रूप हो । हिमाल हामीलाई सिकाउँछ- आफ्नो जीवनलाई हिमाली सौन्दर्यजस्तै बनाऊ, जहाँ कुनै बनावट नहोस्, कुनै झुट नहोस् । जहाँ सत्य नै सुन्दरता कायम रहिरहोस् । हिमाललाई एकपटक नजिकबाट हेर्नुहोस् । त्यसको मौनतामा सुन्नुहोस्, त्यसको निर्मलतामा हराउनुहोस् । त्यहाँ जीवनको सबैभन्दा सुन्दर निर्वस्त्र दर्शन मिल्छ ।

*-बाह्रखरी डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा



## गुल्मी दरबार गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- कुनै सामान वा वस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

| भेषराज घिमिरे | तारा थापा ढेंगा | सरोजकुमार थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल



## तानसेन नगरपालिकाको अनुरोध

- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

| पिताम्बर पाण्डे | प्रतिक्षा सिंजाली | सन्तोष लाल श्रेष्ठ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# देशभरका शिक्षकहरु फेरी आन्दोलित



**पाल्पा,** चैत २०/देशभरका शिक्षकहरू फेरि आन्दोलित भएका छन् । विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै उनीहरु पुन: आन्दोलित भएका हुन् ।

बुधबार काठमाडौँको माइतीघरदेखि बानेश्वरसम्म शिक्षकहरूले प्रदर्शन गरेका छन् । शिक्षक महासंघको आयोजनामा भएको प्रदर्शनमा काठमाडौँका विभिन्न स्थानबाट निस्किएको र्‍याली माइतीघरमा पुगेर धर्नामा परिणत भएको थियो । उनीहरूले अधिकार र कर्तव्यको लागि शिक्षक एकता, मेरो आन्दोलन मेरो सहभागिता, शिक्षण पेसालाई सम्मान गर, शिक्षक महासंघ जिन्दावाद, हाम्रा माग पूरा गर, शिक्षा ऐन जारी गर लगायतका प्लेकार्ड र नारा बोकेर अनिश्चितकालीन सडक आन्दोलन गरेका हुन् । यस आन्दोलनलाई उनीहरूले विद्यालय शिक्षा ऐन जारी गर्नका लागि निर्णायक चरणको आन्दोलनको रूपमा औँल्याएका छन् । दोस्रो चरणको आन्दोलनका कार्यक्रमअन्तर्गत महासंघले विद्यालय शिक्षा ऐन जारी गर्न दवाव दिने भन्दै प्रमुख राजनीतिक दलका पार्टी कार्यालयमा धर्ना दिएको थियो । तर, सदनको हिँउदे अधिवेशनबाट पनि विद्यालय शिक्षा विधेयक अघि बढ्न नसकेपछि महासंघले अनिश्चितकालीन काठमाडौं केन्द्रीत सडक आन्दोलन सुरू गरेको हो । यसअघि भएको सहमतिका आधारमा विद्यालय शिक्षा विधेयक पारित गर्नुपर्ने महासंघको माग छ । महासंघले आफ्ना मागहरु पुरा नभए शिक्षकहरु विद्यालय नफर्कने चेतावनी समेत दिएको छ ।

# 'सहकारी, निजी र सरकार...

...कार्यक्रममा नगरपालिकाका सहकारी शाखा प्रमुख दुर्गा थापाले नगरभित्रका सहकारीहरुको अवस्थाका बारेमा जानकारी गराएका थिए । जिल्ला सहकारी संघ पाल्पा, जिल्ला बचत तथा ऋण सहकारी संघ पाल्पा, तानसेन नगरपालिकाको संयुक्त आयोजना, रामपुर नगरपालिका, रैनादेवी छहरा गाउँपालिका, बगनासकाली गाउँपालिकमा, रिब्दीकोट गाउँपालिका, तिनाउ गाउँपापिलका, माथागढी गाउँपालिका, पूर्वखोला गाउँपालिका, निस्दी गाउँपालिका र रम्भा गाउँपालिकाको प्रवर्द्धनमा भएको कार्यक्रम भएको हो ।

सोही अवसरमा सहकारी अभियानमा योगदान पुर्‍याएका सहकारी अभियन्ता दुर्गादत्त रेग्मी, रामपुरको अन्धकारमुक्ति बचत तथा ऋण सहकारी संस्था र तानसेन नगरपालिकालाई सम्मान समेत गरिएको थियो । जिल्ला सहकारी संघका अध्यक्ष भूपति पाण्डेयको अध्यक्षता, जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष जगदीश भट्टराईको स्वागत, जिल्ला सहकारी संघका उपाध्यक्ष कृष्ण भूसालको सञ्चालनमा कार्यक्रम भएको थियो । दिवसको अवसरमा प्रभात फेरी कार्यक्रम गरिएको थियो । सहकारी संस्थाका सञ्चालक, कर्मचारी लगायतको सहभागीतामा प्रभात फेरीको आयोजना गरिएको हो । तानसेन नगरपालिकाबाट सुरु भएको प्रभात फेरीले बजारका विभिन्न भागको परिक्रमा गरेको थियो । 'मर्यादित सहकारी समुन्नत समाज' भन्ने नाराका पाल्पा सहित देशैभर विभिन्न कार्यक्रम भएका थिए ।


## रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| लक्ष्मण पाण्डे | मीना देवी गौतम | यदु ज्ञवाली |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल


# हिउँदे अधिवेशन समीक्षा : कानून...

... संसद्‌को महत्वपूर्ण समय सीमित बैठकहरूमा खर्च हुनुले नीति निर्माणको आवश्यकतालाई नजरअन्दाज गरिएको रूपमा बुझ्न कठिन छैन । त्यस्तै, संसद् बैठकमा सरकारका मन्त्रीको अनिवार्य उपस्थिति हुनुपर्ने व्यवस्था रहेपनि मन्त्री अनुपस्थित भएकै कारणसमेत बैठक स्थगनको स्थिति यो अधिवेशनमा सिर्जना भयो । संसद्‌को मुख्य काम कानुन निर्माण हो । तर अध्यादेशबाट ल्याइएका र ६० दिनभित्र पारित गर्नैपर्ने संवैधानिक बाध्यात्मक व्यवस्थाबाहेकका अरू महत्त्वपूर्ण विधेयकहरू प्राथमिकतामा पर्न सकेनन् । प्रतिस्थापन विधेयकबाहेक थप पाँचवटा विधेयकहरू पारित भएर कार्यान्वयनमा आए । अधिकांश विधेयकहरू केवल दर्ता भएका छन् भने केही समितिमा विचाराधीन रहेका छन् । त्यस्तै, विधायन प्रक्रियाबारे दुवै पक्षका सांसदहरूबाट प्रश्न उठे । उदाहरणका लागि 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' संसद्मा दर्ता भएर अर्थ समितिमा विचाराधीन रहेको अवस्थामै अध्यादेशबाट यो कानून संशोधन गरियो । समितिमा छलफलका क्रममा रहेको विधेयकलाई अध्यादेशमार्फत् ल्याइनुले विधायिकी प्रक्रिया मिचिएको भनेर आलोचना भयो । यसलाई सरकारको नीतिगत बलमिच्याँइ र अस्थिरताको कमजोरीको उपजका रूपमा बुझ्न सकिन्छ । प्रतिनिधिसभा नियमावलीअनुसार प्रधानमन्त्रीसँग प्रश्नोत्तर कार्यक्रम भए पनि यसलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिइएन । सांसदहरूले उठाएका गम्भीर र महत्वपूर्ण प्रश्नहरूलाई सामान्य उत्तरहरूद्वारा टार्न खोज्ने प्रवृत्ति संसद्मा देखियो । प्रधानमन्त्री तथा मन्त्रीहरूले सदनमा बोलेका कुराहरू सरकारलाई जवाफदेही र उत्तरदायी बनाउनेभन्दा पनि केवल औपचारिकता निभाउने जस्तो मात्रै देखिए । यस्तो कार्यशैलीले प्रभावकारी संसदीय अभ्यास माथि प्रश्न उठाउने राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेत सन्तोष परियार बताउन्छन् । "बलियो सरकारलाई दम्भ छ । जसकारण उसले संसद्‌को सार्वभौमिकता, मर्यादा र गाम्भीर्यतालाई नबुझ्ने रहेछ", परियारले भने "संसद्मा उठेका प्रश्नहरूको जवाफ नदिने, जवाफ दिइहाले प्रतिशोधको भाषा प्रयोग गर्नेजस्ता व्यवहार भए । यस अर्थमा संसद्‌को गाम्भीर्यता देखिएन ।"

संसद्मा उठेका सार्वजनिक महत्वका विषयहरूमाथि सरकारले बेवास्ता गरेको भनेर सांसदबाटै सदनमा पटक-पटक गुनासो आए । जाजरकोट भूकम्प तथा गत असोजको बाढीपहिरो पछिको पुनर्निर्माण, राहत तथा पुनर्स्थापनालगायत कार्यमा ढिलाई, जङ्गली जनावरको आतङ्क, ग्रामीण स्वास्थ्य सेवा तथा विपन्न नागरिकका लागि नि:शुल्क उपचार, डिजिटल कारोबारमा करलगायत विषयहरू संसद्मा उठे पनि सरकारले यी विषयहरूमा सन्तोषजनक जवाफ संसद्मा दिन सकेन । यस्ता जनजीविकासँग जोडिएका विषयमा के-कस्ता नीति निर्माण भए र कार्ययोजना बनाइए भनेर ठोस उत्तर सरकारबाट नआएको गुनासो सांसदहरूले सदनभित्रै पोख्ने गरेका छन् । यसअर्थमा पनि सरकारबाट आउने जवाफहरू नतिजा लक्षित र कार्यान्वयनमुखीभन्दा औपचारिकता पूरा गर्नकै लागि मात्रै रहेको रूपमा बुझ्न सकिन्छ । यो अधिवेशनमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखापरीक्षक, मानव अधिकार आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायतका प्रतिवेदन संसद्मा प्रस्तुत भए । ती प्रतिवेदनहरू संसद्मा पेश गरिए पनि गहिरो छलफल गरिएन । त्यस्तै, अन्तरराष्ट्रिय सम्झौता अनुमोदनमा आलोचनात्मक दृष्टिकोणको अभाव संसद्मा देखियो । 'मोन्ट्रियल प्रोटोकल किगाली संशोधन सर्वसम्मतिबाट पारित गरियो । तर यसले नेपालको वातावरणीय नीति, औद्योगिक प्रभाव, तथा आर्थिक भारमा कस्तो असर पार्नेछ भन्ने विस्तृत छलफल भएन । त्यस्तै, सरकारको नीतिगत स्थायित्व र निर्णय क्षमतामा प्रश्न उठ्नेगरी अनेकौं विषय सदनमा आए । नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकको बर्खास्तीदेखि पूर्वविशिष्ट पदाधिकारीहरूको सेवा सुविधासम्बन्धी कानुनी आवश्यकताजस्ता विषय पेचिलो रूपमा उठाइए । रास्वपा प्रमुख सचेतक परियार संसद् र सरकारबीच समन्वयात्मक रूपमा काम गर्न नसक्दा कमजोर नतिजा देखिएको बताउन्छन् । संसद् र सरकारबीचको अन्योन्याश्रित सम्बन्धलाई बुझ्न नसक्दा सदनका धेरै काम प्रभावित भएको उनको बुझाइ छ । त्यस्तै, संविधानप्रदत्त जनताका अधिकार प्रत्याभूति गराउने र परिवर्तनका आभास हुनेगरी पर्याप्त काम हुन नसकेको सबैले स्वीकार्नुपर्ने परियार बताउन्छ । "संविधानमा व्यवस्था भएका जनताका अधिकार र राज्य संरचनालाई संस्थागत गर्ने कानूनहरू बन्न सकेनन् । उदाहरणका लागि विद्यालय शिक्षा विधेयक, निजामती सेवा विधेयक, प्रहरी विधेयकलगायत कानुन बन्न सकेनन् । जबकि सैंयता कार्यान्वयन, विभिन्न तहका सरकारलाई अधिकार सम्पन्न बनाउनेजस्ता हाम्रो शासन प्रणालीमा परिवर्तनका लागि यी कानुन अत्यावश्यक थिए", परियार भन्छन्, "धेरै अगाडि निर्माण गरेर कार्यान्वयनमा ल्याइसक्नुपर्ने यी कानूनहरू अझै पनि अड्किएर बस्नुले हाम्रो कानून निर्माण प्रक्रिया कति चुस्त र प्रभावकारी छ भन्ने देखाउँछ ।" संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने कानुन अझै बन्न नसक्नु र ती विषयमा राजनीतिक दलहरूबीच पर्याप्त छलफल तथा सहकार्यसमेत नहुँदा संविधान कार्यान्वयनकै सवालमा प्रश्न उठ्ने गरेको उनको भनाइ छ । पहिलो अधिवेशनयताका प्रतिनिधिसभामा २४ वटा र राष्ट्रियसभामा २७ वटा विधेयक दर्ता छन् । सदनबाट भएका निर्देशन र रूलिङको कार्यान्वयन अवस्थाबारे स्वयम् सदनलाई नै जानकारी नहुने अवस्था छ । उदाहरणका लागि भारतको उडिसा राज्यस्थित कलिङ्ग इन्सिच्युट अफ् टेक्नोलोजि (केआइआइटी) मा अध्ययनरत छात्रा प्रकृति लम्सालको रहस्यमय मृत्युको घटना र त्यहाँ अध्ययनरत अन्य विद्यार्थीको सुरक्षा प्रत्याभूतिका सन्दर्भमा रूलिङ भएको थियो । तर, रूलिङपछि यो घटनाबारे सांसदहरूले चाँसो हराउँदै गयो भने सदनले पनि पछिल्लो अवस्थाबारे जानकारी सार्वजनिक गर्न आवश्यक ठानेन । सैंघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरी विधेयक अधिवेशन अपेक्षित रूपमा नराम्रो नरहेको टिप्पणी गर्छन् । "कानुन निर्माणको कुरा गर्ने हो भने नौ वटा विधेयक यहि बीचमा प्रमाणीकरण भएका छन् । सरकारमाथि संसद्‌को निगरानीको सन्दर्भमा हेर्ने हो भने पनि जवाफ दिनेक्रम त्यस्तो नराम्रो छैन । यो अधिवेशनको काम असन्तोष मान्नुपर्ने अवस्थाको छैन", गिरी भन्छन्, "यद्यपि, लिखित र मौखिक प्रश्नको हकमा हामी अन्तिम दिनमा टेबुल गर्ने भन्ने थियो । विशेष कारणवस हुन सकेन । हामीले प्रश्नोत्तर कार्यक्रम सञ्चालन गर्न सकेनौं ।" नियमित रूपमा समितिका बैठक बस्ने, प्रतिस्थापन विधेयकका विषयवस्तुमाथि समितिमा पर्याप्त छलफल गर्ने कुरामा केही कमजोरी रहेको पनि उनी स्वीकार्छन् । एकाध बाहेक पूर्वनिर्धारित 'क्यालेन्डर' अनुसार नै बैठक बसेको पनि गिरीले बताए । समग्रमा, यस अधिवेशनले नीति निर्माण, कानूनी सुधार र विकासका विषयमा केही छलफल गरे पनि त्यसको प्रभावकारिता र कार्यान्वयनमुखी दृष्टिकोणमा कमजोरी देखिन्छ । संसद्मा प्रस्तुत धेरै विधेयकहरू प्रक्रियागत रूपमा अड्किएका छन्, प्रधानमन्त्री र मन्त्रीहरूको जवाफ औपचारिक देखिन्छ र संसद्‌को समयको उपयोगितामा सुधार गर्न आवश्यक छ । नीतिगत स्थिरता, निर्णय क्षमतामा सुधार र संसदीय कार्यक्षमताको पुनरावलोकन गर्न जरूरी देखिन्छ । ***-रासस***


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८१/१२/२०**

उक्त विषय सम्बन्धमा यस श्री खानीगाउँ आधारभूत विद्यालय बगनासकाली - ७, कल्लावारी पाल्पामा रिक्त भएको नि. मा. वि तह मा अंग्रेजी विषय शिक्षण गर्न सक्षम अंग्रेजी विषय राहत (अनुदान कोटा) करार शिक्षक नियुक्त गर्न बगनासकाली गा.पा को सिफारिस र शिक्षा विकास तथा समन्वय इकाई पाल्पा च.नं १३२७ मिति २०८१/१२/१९ को अनुमति पत्र तथा यस विद्यालयको व्यवस्थापन समितिको वैठकले सो पदपूर्ति गर्न विज्ञापन प्रकाशन गरि दरखास्त आह्वान गर्ने निर्णय गरेकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तपशिलको विवरणको आधारमा रीत पूर्वकको दरखास्त आह्वान गरिएको छ ।


**तपशिल :**

**विज्ञापन नं.** : ०१/०८१/०८२, **तह** : नि.मा.वि., **पद** : शिक्षक, **विषय** : अंग्रेजी,
**नियुक्तिको किसिम** : राहत करार, **पद संख्या** : १ जना, **शैक्षिक योग्यता** : मूल बिषय अंग्रेजी लिइ IED वा +२ सो सरह उत्तीर्ण गरेको ।
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**दरखास्त दिने** स्थान : विद्यालयमा कार्यालय समयभित्र,
**दरखास्त दिने अन्तिम मिति** : २०८२/०१/०३ गते **सर्म्पक मिति** : २०८२/०१/०४ गते
**आवश्यक कागजातहरु** : हस्तलिखित निवेदन, नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्र, अध्यापन अनुमति पत्र आदिका प्रतिलिपिहरु १/१ प्रति (फाइल गरेर),
**तलब स्केल** : नेपाल सरकारले तोके बमोजिम, **दरखास्त दस्तुर** : रु. ७००/-,
**परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता तथा आवश्यक परेमा प्रयोगात्मक ।
**परीक्षा मिति र स्थान** : सम्पर्क मितिमा तोकिनेछ ।
**नोट:** लुम्बिनी प्रदेश नि.मा.वि अंग्रेजी विषयक पछिल्लो करार सुचिमा रहेका उम्मेदवारको दरखास्त पर्न आएमा अग्रस्थानमा रहेको करार सूचीको उमेद्वारलाई आवश्यक प्रक्रिया पुर्‍याई नियुक्ति दिइने छ । रीत नपुगेको र म्याद नाघी आएको आवेदन समावेश गरिने छैन।
**सम्पर्क नम्बरहरु.** : प्र.अ. ९८४७५६३४७९, स.प्र.अ. ९८४७०९८१६२,
का.बा. वि.व्य.स. अध्यक्ष ९८४७१७७९१२

**श्री खानीगाउँ आधारभूत विद्यालय**
**बगनासकाली गाउँपालिका-७, कल्लाबारी, पाल्पा**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई